## विषय प्रवेश

नेपाल छिमेकी राष्ट्र भारत र चीनबाहेकका अन्य मुलुकहरुसित शताब्दीऔंदेखि पृथक् रहिआएको मुलुक हो । यसले केवल सन् १९५० को प्रजातान्त्रिक आन्दोलनपछि मात्रै बाहिरी मुलुकहरुसित परिचित हुने अवसर पायो । ऐतिहासिक कालदेखि नै संसारकै प्राचीन मुलुकका रुपमा स्थापित नेपालका निम्ति बाहिरी मुलुकबाट पृथक् हुनुपर्ने यो स्थिति अनपेक्षित विषय थियो । यसरी, सानो तर भूपरिवेष्ठित मुलुक नेपालका लागि विकासको सन्दर्भ निःसन्देह नयाँ विषयवस्तु हो । अझै पनि यस मुलुकका लागि समतावादी, समावेशी र छिटोभन्दा छिटो सेवा प्रदान गर्ने खालको आर्थिक विकासको उपयुक्त ढाँचाको खोजी हुनै बाँकी छ ।

वास्तवमा अर्थतन्त्र र समाज अन्योन्य रुपमा जोडि विषय भएकाले आर्थिक विकासको प्रक्रिया मुलुकको सामाजिक संरचनाबाट अलग रहन सक्दैन । एकातर्फ सामाजिक व्यवहारहरुले वस्तुको उपयोग, उत्पादन, विनिमय र वितरण आदिमा विभाजन हुने आर्थिक गतिविधिहरु माथि समाजका कैयन् नियन्त्रण र प्रतिबन्ध लगाएका हुन्छन् भने अर्कातर्फ राज्यको अर्थव्यवस्थाले समाजभित्रको अन्तर्द्वन्द्वको घनत्वलाई निर्धारण गरेको हुन्छ । आर्थिक विकासका सन्दर्भमा सामाजिक तथा आर्थिक दुवै क्षेत्रमा उच्च रुपको अन्तर्द्वन्द्व र अन्तर्विरोधको परिस्थितिले परम्पराग्रस्त नेपाली समाज पछाडि धकेलिएको छ ।

यस प्रकारको अन्तरर्द्वन्द्व तथा अन्तर्विरोध घनीभूत रुपमा सन् १९९५ तिर र त्यसपछिका वर्षहरुमा मुलुकमा विद्यमान नयाँ परिवेशबाट विकसित भएको हो । सन् १९९६-२००६ को जनविद्रोहताका नेपाली समाजमा यो अन्तरर्द्वन्द्व तथा अन्तर्विरोध स्पष्ट रुपमा देखापर्‍यो जसमा निकै ठूलो धनजनको क्षतिसमेत भयो । यसपछि समग्र रुपमा मुलुकले भिन्न दिशा ग्रहण गर्‍यो र माथि उल्लेख गरिएअनुसार नयाँ समाजको सृजना गर्ने कार्यदिशातर्फ प्रवृत्त रह्यो । तत्कालको शासन व्यवस्थाका विरुद्ध भएको जनविद्रोहका कारणबाट राष्ट्रिय मुद्दाहरु नै परिवर्तित भए । यस परिप्रेक्ष्यमा विचार गर्दा हालका राष्ट्रिय आवश्यकता र चाहनाहरु निम्नानुसार छन् :

क) शासनमा बृहत्तर जनसहभागिताका माध्यमबाट राज्यको पुन : संरचनामा विशेष जोड दिने ।

ख) संघीय सरकारको निर्देशन मार्फत प्रतिफल तथा नीतिनिर्णयसम्बन्धी अधिकारको न्यायसम्मत बाँडफाँड गर्ने ।

एक्काइसौं शताब्दीको सुरुतिर निरन्तर रुपमा सञ्चालित सामाजिक क्रियाकलापहरु भनौं, जनयुद्ध तथा शान्तिपूर्ण जनप्रदर्शन र हडताल आदिका माध्यमबाट मुलुकमा यी मुद्दाहरुले प्रवेश पाए । यसको उद्देश्य सामन्ती सामाजिक तथा आर्थिक संरचनालाई आधुनिक औद्योगिक समाजका रुपमा रुपान्तरण गर्नु थियो । यसरी विगतका यी अन्तद्वन्द्वहरु युद्ध तथा शान्ति दुवै माध्यमबाट नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्रात्मक मुलुकका रुपमा घोषित गराउन सफल सन् २००६ मा सञ्चालित विगतको राजनीतिक आन्दोलनमा समेत अभिव्यक्त भएको देखिन्छ भयो । यो आधुनिक नेपालको इतिहासमा नयाँ परिवेशको सुरुवातको क्षण हो जसको लक्ष्य समतामुखी सामाजिक संरचनाको निर्माण गर्नु हो । वर्तमानमा मुलुक यसैतर्फ प्रवृत्त हुन प्रतिवद्ध रहिआएको छ ।

अहिलेको नेपाली समाजको उच्चतम प्राथमिकताको विषय भनेको आर्थिक विकासको प्रक्रियालाई भेदभावविहीन, दक्ष, न्यायपूर्ण र वितरणमुखी बनाउनु रहेको छ जसको उद्देश्य मुलुकका सबै भागमा आयमा वृद्धि, सामाजिक अवसर, गुणस्तरीय शिक्षाको सर्वसुलभता, औषधोपचार तथा अत्यावश्यकीय उपभोग्य वस्तुहरुको समुचित सेवा उपलब्ध गराई गुणस्तरीय जीवन निर्वाह गर्ने समतामूलक समाजको सृजना गर्नु रहेको छ । त्यसैले हालको विकासको योजनावद्ध प्रक्रियासम्बन्धी मुद्दा भनेको आधुनिक प्रविधियुक्त संयन्त्र तथा ज्ञान दुवैको उपयोग गरी यसका माध्यमबाट अर्थव्यवस्था र सामाजिक संरचनाको द्रुततर गतिमा रुपान्तरण गर्नु रहेको छ । साथै योजनावद्ध विकासको मुद्दामा स्रोत-साधनको पर्याप्तता, न्यायिक वितरण, बजारको क्षमता र सामाजिक तथा आर्थिक एकीकरणका साथै व्यापकतामा आधारित आर्थिक विकासको अनुभूति हुने संस्थागत आधारको निर्माण गर्नु हो । योजनावद्ध विकास प्रक्रियाले समग्रतामा मुलुकको सबै क्षेत्रमा विद्यमान मानवीय, प्राकृतिक, वित्तीय, बौद्धिक, सांस्कृतिक लगायत सबै स्रोत-साधनहरुलाई राष्ट्रिय स्तरमा एकता भावनाको विकासका साथै सामाजिक तथा आर्थिक सम्मीलनका निम्ति उपयुक्त आधारभूमि प्रदान गर्दछ ।

हाल स्थापित नयाँ राष्ट्रिय एकता भावनाको उद्देश्य नयाँ विकास पद्धतिप्रति गम्भीर बन्नु हो। किनभने नयाँ विकास पद्धतिले नै उत्पादकहरु र ती उत्पादित सामग्रीमा आधारित उद्योगहरुका बीचमा अन्तर सम्बन्ध स्थापित गराउँछ र ठूला सहरहरुमा वा अभावग्रस्त दुर्गम क्षेत्रहरुमा विकासका सबै प्रयासहरुलाई घनीभूत रुपमा केन्द्रीकृत पार्दछ । यस प्रकारका अन्तर् सम्बन्ध र केन्द्रीकृत विकास प्रयासहरुले द्रुततर गतिमा सामाजिक तथा आर्थिक शक्तिको सृजना गर्दछन् र नेपाली अर्थ व्यवस्थाका आधारभूत समस्या जस्तै बेरोजगारी, अर्द्धबेरोजगारी, आय र पुँजी आर्जनमा असमानता, पारिश्रमिकमा असन्तुलन, अन्तराल तथा विभेदीकरण आदिको समाधानमा सहयोग पुर्‍याउँदछ ।

यस रणनीति पत्रले आर्थिक विकासका यिनै मुद्दाहरुलाई, दृष्टिकोणहरुलाई र प्रक्रियाहरुलाई उठाएको छ र सोही रुपमा राष्ट्रिय विकास गर्ने सोचाइलाई मूर्त रुप दिएको छ । यिनको प्राप्तिका लागि आइपर्ने चुनौतीहरुलाई नजरअन्दाज गर्न भने मिल्दैन । यस सन्दर्भमा के कस्ता चुनौतीहरु रहेका छन् तिनको विस्तृत विबेचना अपेक्षित हुन्छ ।

## चुनौती र यसका सबल पक्षहरु

आर्थिक विकासको प्रक्रिया मुलुकभित्र र बाहिरका सामाजिक, सांस्कृतिक, भौगोलिक र यस्तै अन्य गैर आर्थिक पक्षद्वारा प्रभावित उत्पादन सम्बन्धमा बढी निर्भर हुनुपर्ने स्थिति सृजना भयो भने विकासको प्रक्रिया वास्तवमा एउटा खेल जस्तो मात्रै हुन्छ । यस्तो स्थिति जमीन, श्रम, पुँजी, प्रविधि र सामाजिक-आर्थिक परिवेश जस्ता उत्पादनसित सम्वन्धित पक्षहरुको चयनसँग पनि जोडिएको हुन्छ । नेपालको के अनुभव रहिआएको छ भने यहाँको आर्थिक अवस्थाको स्वरुपलाई कैयन् आन्तरिक पक्षहरुले निर्धारित गरिआएका हुनाले विकासको प्रक्रिया निःसन्देह जटिल छ र आर्थिक वृद्धिले न्यायिक वितरणमा केन्द्रित बहुपक्षीय अवधारणाको अपेक्षा गर्दछ । वास्तवमा, यस प्रकारको प्रक्रियाको थालनी गर्ने र दक्षता र पुनर्वितरणका सन्दर्भमा आशावादी बनाउने कुरो चुनौतीपूर्ण विषय हो । आन्तरिक रुपमा, हाल आर्थिक वृद्धिका लागि मुलुकले बेहोर्नु परिरहेका चुनौतीहरु निम्नलिखित प्रश्नहरुका वरिपरि जेलिएका छन् । यी चुनौतीहरुले निम्नलिखित कार्य कसरी गर्ने भन्ने कुरालाई झल्काएका छन् :

१. निरपेक्ष गरिबी, दीर्घकालीन बेरोजगारी, गहिरो रुपमा जरा गाडेको सामाजिक असमानता, व्यापक विभेद र चरम भ्रष्टाचारका विरुद्ध लड्ने कार्य ।
२. मौसम परिवर्तनको परिमाणका रुपमा रहेको जलवायु तथा वातावरणीय असन्तुलनको सामाना ।
३. समाजको पुनर्निर्माण प्रक्रियाको प्रारम्भ ।
४. दक्षता र सामाजिक न्यायका बीचमा सन्तुलन
५. विगतमा भए गरेका गल्ती तथा कमी-कमजोरी नदोहोरिने प्रक्रियाको थालनी
६. विभिन्न समुदायका आक्रोश, आवेग तथा संवेगहरुको सामान्यीकरण
७. सुकुम्बासीहरुका आवश्यकताको परिपूर्ति
८. खाद्य संकटको समाधान
९. कार्यक्रमहरुलाई लक्षित बिन्दुसम्म पुऱ्याउने कार्य
१०. जनताको संविधान प्रदत्त अधिकारको प्रत्याभूति ।
११. वास्तविक प्रतिव्यक्ति आयमाथि असर पुऱ्याउने जनसंख्या वृद्धिको नियन्त्रण
१२. FDI र आधुनिक प्रविधिप्रतिको आकर्षणमा वृद्धि
१३. बढ्दो ऋण भारको न्यूनीकरण
१४. सेवा प्रदायको कार्यमा प्रभावकारिता र दक्षता निर्माण
१५. विज्ञान, प्रविधि, अनुसन्धान र विकासको संवर्द्धन
१६. ग्रामीण क्षेत्रमा आधारित आर्थिक गतिविधिमा शहरमा आधारित आर्थिक गतिविधिसित अन्तर मिलान ।
१७. गैर सरकारी संघसंस्थाका गतिविधिहरुलाई जनसमुदायमुखी र विकासकेन्द्री भावनाको विकास ।
१८. आन्तरिक तथा बाह्य बचतको अधिकतम उपयोग ।
१९. सुशासनप्रति आत्मविश्वास सृजना ।
२०. उत्पादन प्रक्रियामा द्रुततर विकास र अधिकभन्दा अधिक रोजगारीका अवसरहरुको सृजनाका माध्यमबाट परम्परागत सामन्ती ढाँचाको उत्पादन पद्धतिको अन्त र पुँजीवादी ढाँचाको विकास प्रक्रियाको सुदृढीकरण ।
२१. द्रुततर रुपमा पुँजीको विकास र रोजगारीका अवसरहरुको सृजना गर्ने नयाँ औद्योगिक समाजको स्थापना

निम्नलिखित चुनौतीहरु दातृ संस्थाहरुसँग सम्बन्धित छन् । यी प्रशनहरु तल दिइएका विषयहरु कसरी गर्ने भन्नेतर्फ केन्द्रित छन् :

१. वैदेशिक सहयोगको प्रभावकारितामा अभिवृद्धि ।
२. सहयोग लिएर खर्च गर्न सक्ने क्षमता वृद्धि ।
३. नेपालको आवश्यकतासित वैदेशिक सहयोग नीतिको अन्तर् मिलान ।
४. आर्थिक वृद्धिको समान रुपमा वितरण भएको छ भन्ने अनुभूतिका लागि आवश्यक रणनीतिक तयारी ।
५. मन्त्रालयहरुमा वैदेशिक सहयोग प्राप्त परियोजना र कार्यक्रमहरु दोहोरिने प्रवृत्तिको अन्त्य ।
६. आर्थिक वृद्धिको लक्ष्यलाई सामाजिक न्याय र स्थिरतातर्फ उन्मुख गराउनका लागि वैदेशिक सहयोग नीतिको पुनर् संरचना र अभिमुखीकरण ।

यी चुनौतीहरुमा वर्षौंदेखि जरा गाडिआएको जडतालाई कम गर्नका लागि नेपालले रणनीतिमुखी बन्नु र प्राथमिकताअनुसार कार्यक्रमहरुको छनोट गर्न जरुरी छ । साथै परम्परागत रुपमा रहिरहेका वा आर्थिक प्रगतिबाट उत्पन्न भएका संरचनात्मक तथा संस्थागत अभाव तथा कमीकमजोरीहरुमाथि सार रुपमा आर्थिक सुधार गर्नु आवश्यक छ । यसका लागि पहिलेदेखि चलिआएका कैयन् क्षेत्रहरुमा छिटोभन्दा छिटो सुधार हुनु जरुरी छ र पूर्ण प्रतिस्पर्धामा आधारित बजारको निर्माण सँगसँगै आधुनिक क्षेत्रहरुमा योजनाबद्ध व्यवस्थापन गर्नु पनि जरुरी छ । विद्यमान चुनौतीहरुलाई कम गर्नका निम्ति निम्नलिखित उपायहरुले सहयोग पुऱ्याउँदछन् ।

१. पूर्वाधार विकास तथा निजी क्षेत्रको सहभागिताका माध्यमबाट मुलुकमा उपलब्ध श्रम, पुँजी, प्राकृतिक स्रोतसाधन, विद्युत् र प्रविधिको अधिकतम उपयोग गर्ने व्यापकतामा आधारित आर्थिक वृद्धि ।
२. प्रत्येक क्षेत्रमा विद्यमान परम्परावादी दृष्टिकोणलाई वैज्ञानिक दृष्टिकोणमा रुपान्तरण गर्ने । यसमा मुख्य रुपमा निम्नलिखित विषयसँग सम्बद्ध क्षेत्रहरु रहने छन् :
    क) खाद्य-कृषि क्षेत्र
    ख) रोजगारदाता, श्रमिक वर्ग तथा उपभोक्ताका बीचमा संवाद र परम्परादेखि सिकिआएका सीप, ढाँचा, उत्पादन र गतिविधिको संरक्षण - कृषि तथा औद्योगिक क्षेत्र ।
३. उत्पादकत्व र कमाइ (तलव सुविधा) का बीचमा अन्तर् सम्बन्धको स्थापना कृषि, उद्योग र सार्वजनिक सेवा क्षेत्र ।
४. गैरप्राविधिक शिक्षाबाट प्राविधिक शिक्षा र तालिम प्रशिक्षणमा प्रायोगिक क्षेत्रतर्फ जोड ।
५. ग्रामीण लगानी, सहकारी, पुनर्वास तथा बजार व्यवस्थापनमा जोड ।
६. गरिबीकेन्द्री कार्यक्रमहरुको सञ्चालन, स्वास्थ्य, शिक्षा ।
७. अत्यावश्यक वस्तुहरुको आपूर्ति-वस्तु, सेवा ।
८. ग्रामीण क्षेत्रमा व्यापक रुपमा सञ्जाल निर्माण-रुपान्तरण र सञ्चार
९. विद्युत् प्रसारण सुदृढीकरण-विद्युत् क्षेत्र ।
१०. आधुनिक संस्थागत संरचनाहरुको प्रवर्द्धन - सुशासन, ग्रामीण क्षेत्र तथा वैदेशिक सम्बन्ध ।
११. आर्थिक सन्तुलन र अनुशासन - ऋण सेवा, सार्वजनिक बजेट ।
१२ वित्तीय स्थिरता - बैङ्क, फाइनान्स र बिमा ।
१३. किटानी साथ सुविधा, असुविधा र परिमार्जनको लक्ष्य निर्धारण-सार्वजनिक क्षेत्रको भूमिका

## रणनीतिक मुख्य चासोका विषयहरु

'नयाँ नेपाल' को राष्ट्रिय प्रतिबद्धता अनुरुप आगामी तीन वर्षसम्मका लागि TYIP सँग सम्बन्धित विकाससम्बन्धी रणनीतिहरु तयार पारिएको छ जुन विकास रणनीतिहरु समावेशी प्रकृतिका, विभेद नगर्ने खालका, कठोर, सेवामुखी, कार्यरुपमा आउन सक्ने, विविधतायुक्त, गतिशील (सबै क्षेत्रमा) उच्च वृद्धि गर्ने खालका, रोजगारमूलक तथा समतावादी छन् । यसै गरी शान्ति र विकास, ग्रामीण सहयोग, शहरी आवास र व्यवस्थापन, कृषि र पूर्वाधार निर्माणमा उच्च प्राथमिकता दिइने छ । यसका लागि सबै क्षेत्रमा बढ्दो रुपमा पुँजी प्रतिफल अनुपातको परिवर्तनतर्फ केन्द्रित हुने अपेक्षा गरिएको छ । यस्तो अनुपात सामाजिक क्षेत्र, सहकारी, कृषि, वन, सामुदायिक विकास तथा सामाजिक सेवा, निर्माण, व्यापार, घरेलु तथा साना (मझौला समेत)

उद्योग, होटल तथा रेस्टुराँ, प्रशासन तथा वैकल्पिक उर्जा आदि क्षेत्रलाई श्रममुखी तथा उत्पादन वृद्धितर्फ जोड दिने खालको हुनुपर्दछ । सिँचाइ, ऊर्जा, सडक, सञ्चार, वित्त, सेवा, आवास व्यवस्था तथा ठूला उद्योगहरुलाई उत्पादन वृद्धिमुखी र दिगो तुल्याउनका लागि ICOR को लाई उच्च प्राथमिकता सहित पुँजी तथा विकसित प्रविधिमा आधारित बनाइनु पर्दछ ।

**संस्थागत आधार**

नेपालको ५० वर्षभन्दा पुरानो योजनामूलक विकासको इतिहास छ । तर विगतका योजनाहरु लक्ष्य र प्राप्तिका बीचको दुरी अन्त्य गर्न असफल भए । योजना निर्माण, अनुगमन र मूल्याङ्कन गर्ने विषयमा संस्थागत कमीकमजोरीका कारणबाट ती योजना असफल भएका हुन् । यसर्थ योजना प्रक्रिया र यसको संस्थागत उद्देश्यमा बृहत्तर सुधार अपेक्षित छ ।

नेपालमा योजनाहरुको निर्माण विकेन्द्रीकरण अवधारणाको अनुसरणका आधारमा गरिन्छ जसमा योजना आयोगले सम्बद्ध मन्त्रालय, दातृसंस्था र योजनाविद्हरुको परामर्शमा लक्ष्य, योजनाको प्राथमिकता, नीति तथा रणनीति तय गर्दछ । साथै यसले वार्षिक तथा आवधिक योजनाका परिमापकहरु तय गर्दछ । यस्ता मापकहरुलाई योजना छनोट, लागत अनुमान तथा नीति तर्जुमाका लागि मन्त्रालयहरुमा पठाइन्छ । योजना आयोगले सूचनाहरु संकलन गरेपछि व्यवस्थित रुपमा तिनको अभिलेखीकरण गरिन्छ जसले योजनाको लक्ष्य, लागत नीति, कार्यक्रम पद्धति/तरिका, स्रोत-साधनको स्थिति र यसका बीचको अन्तरालको मिलानका लागि उपयुक्त रुपरेखा तय गर्दछ । यो रुपरेखा सरकारी तथा गैरसरकारी क्षेत्रका प्रतिनिधिहरु विभिन्न विषयका विज्ञहरु, नागरिक समाजका प्रतिनिधिहरु, पूर्व योजनाविद्हरु, उच्चपदस्थ कर्मचारीहरु, पेसागत संघसंस्थाद्वारा नियुक्त विज्ञहरु सहितको राष्ट्रिय विकास परिषद्मा प्रस्तुत गरिन्छ । परिषद्ले उक्त अभिलेख स्वीकृत गरेपछि वार्षिक बजेटमार्फत् राष्ट्रिय योजना आयोगले कार्यान्वयनको रुपरेखा तय गर्दछ । यसरी तयार पारिएको अन्तिम दस्तावेजको तयारीमा दातृनिकायको समर्थनका लागि यसका प्रतिनिधिहरुलाई पनि समावेश गरिन्छ ।

यसरी योजना र कार्यान्वयनको संस्थागत आधारले समग्र रुपमा सरकारी संयन्त्र, सरकारबाहिरको सामाजिक संरचना र दातृ समुदायलाई समेट्दछ । राष्ट्रिय योजना आयोगका पाँचवटा महाशाखा र केन्द्रमा ३५ भन्दा बढी ती महाशाखा अन्तर्गतका थुप्रै शाखाहरु रहेका छन् । राष्ट्रिय योजना आयोग अन्तर्गत केन्द्रीय तथ्याङ्क विभाग छ र आयोगका पहिलेका क्षेत्रीय कार्यालयहरु खारेज गरी तिनले साबिक रुपमा गर्दै आएका कामहरु क्षेत्रीय प्रशासनिक कार्यालयहरुले गर्दै आएका छन् । राष्ट्रिय योजना आयोगका कर्मचारीहरु नेपाल सरकारका स्थायी कर्मचारीहरु हुन् र मन्त्री परिषद्ले प्रमुख सचिव, अर्थ सचिव र सदस्य सचिवजस्ता पदेन सदस्य बाहेक अन्य व्यक्तिहरुको नियुक्ति गर्दछ ।

हालको राष्ट्रिय योजना आयोगको संस्थागत संरचना गणतन्त्रात्मक नेपालको राज्य संरचनाका सन्दर्भमा अपर्याप्त छ । यसलाई पनि सोही अनुसार पुनः संरचना गरिनु पर्दछ । यसलाई ध्यानमा राखेर राष्ट्रिय योजना आयोगले संवाद चलाउन सुरु गरेको छ र भविष्यका लागि आफ्नो संस्थागत रुपरेखाको पुनर्निर्माणको काम प्रारम्भ गरिसकेको छ ।

**अध्याय विभाजन**

समग्रतामा रणनीति पत्रका एकतीस वटा अध्याय रहेका छन् । यी अध्यायहरुमा सबै मन्त्रालय र राज्यसँग सम्बन्धित विभिन्न चासोका विषयहरु समेटिएका छन् । यी अध्यायहरुमध्ये केही अध्यायहरुमा पूर्वाधार निर्माण, सामाजिक सेवा, कृषि, सहकारी शान्ति तथा पुनः स्थापना आदि क्षेत्रहरुमा विशेष जोड दिइएको छ । यी क्षेत्रहरुलाई उच्च राष्ट्रिय प्राथमिकतामा राखिएको छ र यी क्षेत्रहरुमा हुने विकासले तत्कालीन तथा दीर्घकालीन परिणाम ल्याउने अपेक्षा गरिआएको छ ।

# ३. रणनीतिपत्रको दृष्टिकोण, उद्देश्य रणनीति र सार

## ३.१ दृष्टिकोण

राष्ट्रिय विकास रणनीति पत्र दक्षता र न्यायिक वितरणको सुनिश्चितता प्रदान गर्ने, शान्त, समृद्ध र एकीकृत नेपालको निर्माण गर्ने लक्ष्यतर्फ अग्रसर रहिआएको छ । हाल उदीयमान नयाँ नेपालले भविष्यमा सामाजिक एकत्वको भावना र समावेशी विशेषतालाई समाहित गर्ने अपेक्षा गरिएको छ । प्रत्येक व्यक्ति, समुदाय, सीमान्तीकृत वर्ग सबै मुलुकको विकासको केन्द्रबिन्दुमा रहने छन् । व्यक्ति, समुदाय र राज्यका बीचको पारस्परिक सम्बन्ध तीन वर्षे अन्तरिम योजना, नेपाल अधिराज्यको अन्तरिम संविधान तथा सहस्राब्दी विकास लक्ष्यमा मार्ग निर्देश गरिएअनुसार विकसित हुनेछ । सबै नेपालीहरुमा समान रुपमा आर्थिक, सामाजिक तथा कानुनी अधिकार र समान अवसर अक्षुण्ण रुपमा निहित हुनेछ र प्रत्येकले उत्साहपूर्वक आफ्नो सामर्थ्य र क्षमताको सदुपयोग गर्ने अवसर प्राप्त गर्नेछन् । मुलुकको सामाजिक व्यवहारमा परिवर्तनको अनुभूति सृजना हुनेछ जसमा प्रत्येक नेपालीले सबै प्रकारको भेदभावबाट आफू मुक्त भएको महसुस गर्न सक्ने छन् । साथै कानुनी, सामाजिक, सांस्कृतिक, भाषिक, धार्मिक, जातिगत, लैङ्गिक, भौगोलिक लगायत सबै प्रकारका विभेदहरुको अन्त्य हुनेछ । नेपाल आत्मनिर्भर तथा निरपेक्ष गरिबीको अवस्थाबाट मुक्त मुलुक हुनेछ । धनी र गरिबका बीचको दुरी सार भूतमा नै न्यून हुनेछ । नवीन खोज र नयाँ प्रविधिको प्राप्तिमा प्रगति हुनेछ । यस्तो परिस्थितिको सृजना हुनेछ जसमा नागरिकहरुले सामाजिक न्याय, आधारभूत मानव अधिकार र सुशासनको अनुभव गर्नेछन् । नेपाल अन्तर्राष्ट्रिय समुदायमा प्रतिष्ठा सम्पन्न राष्ट्रका रुपमा स्थापित हुनेछ ।

## ३.२ उद्देश्य

यस रणनीति पत्रको मुख्य उद्देश्य ‘परिणाममुखी शान्ति र न्यायपूर्ण वितरणमा आधारित आर्थिक गतिशीलताको सम्बर्द्धनका माध्यमबाट जनसामान्यको जीवनस्तरमा स्पष्ट रुपमा देखिने खालको सकारात्मक परिवर्तन’ ल्याउनु रहेको छ ।

## ३.३ रणनीति

राष्ट्रिय विकास रणनीतिले राखेको उद्देश्य प्राप्तिका लागि निम्नलिखित रणनीतिहरु अङ्गीकार गरिने छन् :

- **रोजगारमुखी व्यापकतामा आधारित उच्च आर्थिक वृद्धि** सरकारले आगामी तीन वर्षमा दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्नका लागि व्यापक प्रयास गर्नेछ । सरकारले मुलुकमा रोजगारका अवसरहरुको सृजनाका लागि नेतृत्वदायी तथा उन्नायक भूमिका निर्वाह गर्नेछ । शैक्षिक व्यवस्थामा विशेष जोड दिइनेछ र यसलाई रोजगारमूलक बनाउनमा अत्यधिक प्रयास गरिनेछ । हाल कार्यरत तथा पछि नियुक्त हुने श्रमिकहरुका लागि क्षमता र सीप अनुकूल श्रम बजारको विकास गरिने छ । औपचारिक तथा अनौपचारिक क्षेत्रमा उपयुक्त ढंगमा काम गर्न सक्ने वातावरणको सृजना गर्ने कार्यका लागि अनुकूल रुपमा नीतिगत सुधार गरिने छ । श्रम उत्पादकत्वहरुको सहयोगका लागि आवश्यक सीप तथा तालिम प्रदान गर्ने संस्थागत व्यवस्था मिलाइनेछ । सरकारले बढीभन्दा बढी रोजगारीका अवस्रहरुको सृजना गर्ने ठूला योजनाहरुको निर्माणमा विशेष जोड दिनेछ । ग्रामीण क्षेत्रमा समुदायहरुको परिचालनका साथै सहभागितामूलक योजनाहरुको सञ्चालन गरी रोजगारका

अवसरहरुको सृजना गरिनेछ । रोजगारीलाई बढीभन्दा बढी समावेशी बनाउनका लागि महिला, दलित, आदिवासी जनजाति, युवा तथा मधेशी समुदायलाई रोजगार प्रदान गर्ने परियोजनाहरुलाई प्राथमिकता दिइने छ । उच्च आर्थिक वृद्धि प्राप्त गर्नका लागि सरकारी तथा गैरसरकारी संघसंस्थाहरु, निजी क्षेत्र तथा सहकारीहरुको निर्धारण गरिने छ र तिनीहरुको विकास प्रक्रियामा दक्षता अभिवृद्धिका लागि कार्यक्रम सञ्चालन गरिने छ । गरिबी नै मुलुकको हालको मुख्य चासोको विषय हो भन्ने कुरालाई हृदयङ्गम गरेर विपन्न तथा सीमान्तीकृत समुदायको आय वृद्धिका लागि सहभागितामुखी अवधारणा अनुसार आर्थिक क्रियाकलाप बढाउनका लागि रणनीति तय गरिनेछ । उत्पादन र सेवा क्षेत्रलाई फराकिलो बनाइने छ र यसमा स्वरोजगार निर्माण गर्ने क्षेत्रलाई समावेश गरिनेछ । विपन्न तथा सीमान्तीकृत समुदायको आय वृद्धिका निम्ति उनीहरुको क्षमता विकासका साथै उनीहरुलाई सक्षम बनाउनका लागि विशेष कार्यक्रमहरु ल्याइने छन् ।

आर्थिक विकासका लागि कृषिको भूमिका फराकिलो बनाइने छ र कृषिको समग्र अर्थतन्त्रसँग अन्तर्सम्बन्ध स्थापना गरिनेछ ।

- **सुशासनमा वृद्धि तथा सेवा प्रदाय व्यवस्था :**

सार्वजनिक सेवा प्रदाय क्षेत्रलाई बढीभन्दा बढी प्रभावकारी र सामाजिक न्यायमा आधारित तुल्याउनका लागि सुशासनलाई सुदृढ तुल्याइने छ । प्रशासनिक संयन्त्रको पुनः संरचना गरिने छ । कानुनी शासनको अवधारणाको महत्त्व र राज्यको संयन्त्रलाई अझ सुदृढ तुल्याइने छ । सेवा प्रदान गर्ने निकायका कार्यहरुलाई पारदर्शी बनाइने छ र विश्वसनीयताको वृद्धि गराइने छ । न्यायिक क्षेत्रको पुनर्निर्माणका माध्यमबाट दण्डहीनताको अन्त गरिने छ र भ्रष्टाचारमुक्त वातावरणको सृजना गर्न भरमग्दुर प्रयास गरिने छ । समग्र नेपालीहरुका लागि आर्थिक तथा सामाजिक सेवाको पहुँचमा विस्तार गरिने छ । यसका लागि निजी क्षेत्र, नागरिक समाज (गैरसरकारी संघसंस्था र सामुदायिक संघसंस्था समेत) र सहकारी संस्थाहरुलाई विकासका सहयात्रीका रुपमा समावेश गरिने छ । स्थानीय स्तरका जनता तथा समुदायको सशक्तीकरणका लागि विकेन्द्रीकरण र शक्तीपृथकीकरणलाई सुदृढ तुल्याइनेछ ।

- **पूर्वाधार विकासमा लगानी (भौतिक, सामाजिक र आर्थिक) :**

पूर्वाधारको विकास विना राज्यको विकास सम्भव छैन भन्ने तथ्यलाई महसुस गर्दै पूर्वाधार विकासमा लगानी गर्न विशेष जोड दिने रणनीति तय गरिनेछ । हालका भौतिक पूर्वाधारसम्बन्धी क्षेत्रहरुमा लगानी बढाइने नीति अवलम्बन गरिनेछ । नयाँ र सम्भाव्य भौतिक, सामाजिक र आर्थिक पूर्वाधार विकासमा लगानी केन्द्रित गरिने छ । सबै नेपालीको पहुँच हुने गरी नयाँ पूर्वाधार विकासको अवधारणा ल्याइने छ, । भौतिक पूर्वाधार विकासको सन्दर्भमा ठूला मध्यम र साना योजनाहरु संचालन गर्ने रणनीति अख्तियार गरिने छ । बढीभन्दा बढी रोजगारीको अवसर दिने आयोजनाहरुलाई प्राथमिकता दिइने छ र सहभागितामूलक आधारमा तिनको सञ्चालन गरिने छ । यसका अतिरिक्त, सार्वजनित तथा निजी सहभागिताको अवधारणा अनुसार ठूला आयोजनाहरु सञ्चालनमा ल्याइने छन् । सार्वजनिक र निजी क्षेत्रको विकासका लागि न्यूनतम आवश्यकता भनेको सडक वा बाटोको पहुँच हो भन्ने कुरालाई हृदयंगम गरी रणनीतिक मार्गहरु, उत्तर दक्षित जोड्ने

मार्गहरु, मध्य पहाडी राजमार्ग र छिटो पुग्न सकिने पारवहन मार्गहरुको निर्माणमा प्राथमिकता दिइने छ । यसै गरी केवल कार, रेलमार्ग र रोपवे जस्ता यातायातका नयाँ प्रविधिहरुको सम्भाव्यता अध्ययन गरिने छ । यी मार्गहरुलाई आधारभूत रुपले आम यातायातका साधनहरुको प्रयोग र पर्यटकको आकर्षणका निम्ति प्रयोग गरिने छ ।

विद्युत्मा उच्च सम्भावना हुँदाहुँदै पनि नेपालले आफ्नो क्षमता यस क्षेत्रमा प्रयोग गर्न सकेको छैन । आउँदो दश वर्षभित्रमा १० हजार मेघावाटको नयाँ विद्युत् आयोजनाहरु उत्पादन गर्न विशेष जोड दिइनेछ । ठूला योजनाहरुको सञ्चालनका साथसाथै तत्काल उत्पादन गर्न सकिने साना र मध्यम प्रकारका आयोजनाहरुतर्फ पनि जोड दिइनेछ । वर्तमानमा निर्माणाधीन आयोजनाहरु पूरा गर्ने रणनीति लिइने छ । सूचना र सञ्चार प्रविधिलाई मुलुकभरि व्यापक रुपले विस्तार गरिने छ । पूर्वाधार विकासका लागि गरिएको लगानीबाट अत्यधिक लाभ प्राप्त गर्न सञ्चालित निर्माण कार्यको नियमित मर्मत संभार र गुणात्मक विकासको रणनीति अपनाइने छ ।

- **सामाजिक विकास**

मानव स्रोतहरुको विकास गर्न शिक्षा, स्वास्थ्य, खानेपानी र सरसफाइ तथा अन्य सामाजिक कार्यकलापहरुमा थप लगानी गरिने छ । जनताको जीवनस्तर उकास्न विशेष जोड दिइने छ । यी क्षेत्रहरुका सेवालाई प्रभावकारी बनाउन स्थानीय नियकायलाई क्रमशः व्यवस्थापनको जिम्मेवारी लिन सक्ने तुल्याइने छ ।

- **समावेशी विकास र लक्षित कार्यक्रमहरु**

सबै नागरिक र समुदायहरुलाई विकासको मूल धारमा ल्याउने रणनीति अवलम्बन गरिने छ । समाजमा व्याप्त विभेद र राज्य संरचनाको कमजोरीहरुद्वारा पाखा पारिएका, समावेश हुन नसकेका आदिवासी, जनजाति, दलित, मधेशी, महिला, अपाङ्ग, विपन्नतम वर्ग र दुर्गम भौगोलिक क्षेत्रहरुमा बसोबास गर्ने नागरिकहरुलाई विशेष जोड दिइने छ । समावेशी विकास प्रक्रियाको छनोट गर्दा विकासमा समावेश हुन नसकेका समुदायको लगानी र प्रतिफलको सुनिश्चतता गरिनेछ र भौगोलिक, आर्थिक, सामाजिक, लैङ्गिक एकता र पुनर्एकीकरणमा जोड दिइने छ ।

सबै प्रकारका विभेदको अन्त्य गर्ने र बहुलबादी संस्कृति र शान्तिको् विशेष सम्बर्द्धन गर्ने नीति अपनाइने छ । यसै गरी समावेशी विकासको आधार सुनिश्चित गर्नका लागि बृहत् स्तरका आर्थिक, सामाजिक र राजनीतिक विकास प्रक्रिया क्रमशः विस्तार गर्दै लगिने छ । लक्षित कार्यक्रमहरुलाई विकासको मूल प्रवाहको प्रक्रियामा ल्याउनुका साथै लक्षित समुदायको सहभागिता र पहुँचलाई सुनिश्चित तुल्याउनका लागि त्यस्ता कार्यक्रमहरुको कार्यान्वयन गरिने छ । कर्णाली क्षेत्र लगायत दुर्गम भेगका सीमासम्मका भूभागहरुका लागि विशेष कार्यक्रमहरु ल्याइने छ । महिला, दलित समूह, सीमान्तीकृत समुदाय, आदिवासी जनजाति, मधेशी, अपाङ्ग, श्रमिक पाखा पारिएको समूह तथा विपन्न समुदायहरुलाई विकासको मूल प्रवाहमा ल्याउनका लागि उनीहरुमा लक्षित विशेष कार्यक्रमहरु ल्याइने छन् ।

- **दिगो शान्तिको निर्माण (पुनरुद्धार, पुनः स्थापना, पुनर्निर्माण तथा पुर्न एकीकरण प्रक्रियाका माध्यमबाट द्वन्द्वोत्तर मुद्दाहरुमाथि सम्बोधन :**

द्वन्द्वकाल पछिका मुद्दाहरुमाथि सम्बोधन गर्ने कार्यक्रमहरुमाथि विशेष प्राथमिकता दिइने छ। पुनरुद्धार, पुनः स्थापना तथा पुनर एकीकरणका लागि विशेष कार्यक्रमहरु ल्याइने छन् । ग्रामीण पूर्वाधारहरुको पुनर्निमाण तथा पुनर् संरचनामा विशेष जोड दिइने छ।

जनताहरुमा आत्मविश्वास बढाउने, सामाजिक सद्भाव कायम गर्ने र राज्यमाथिको भरोसालाई सबलीकरण गर्ने रणनीति बनाइने छ।

- **राष्ट्रिय विकास (व्यापार एकीकरण, FDI) का लागि सुदृढ अन्तर्राष्ट्रिय सहयोग र क्षेत्रीय आर्थिक समृद्धि**

घरेलु स्रोत-साधनको उपयोगबाट मात्रै विकास कार्यक्रमको सञ्चालन सम्भव छैन भन्ने तथ्यलाई महसुस गर्दै राष्ट्र विकासका लागि अन्तर्राष्ट्रिय सहयोगको सुदृढीकरणका लागि रणनीति तयार पारिने छ। छनोट गरिएका प्राथमिकताप्राप्त परियोजनाहरुमा मात्र अन्तर्राष्ट्रिय सहयोगलाई आकर्षित गरिने छ। यसका अतिरिक्त 'व्यापारमार्फत लगानी' को अवधारणाको अवलम्बन गरिने छ। फरक फरक मुलुक र फरक फरक वस्तुका सन्दर्भमा अन्तर्राष्ट्रिय व्यापारको विविधीकरण गरिने छ । प्रत्यक्ष वैदेशिक लगानीलाई आकर्षित गर्नका लागि उपयुक्त नीति प्रारम्भ गरिने छ।

राष्ट्रिय विकासका लागि क्षेत्रीय स्तरमा आर्थिक समृद्धि आर्जन गर्नका लागि उपयुक्त रणनीति बनाइने छ । अन्तर्राष्ट्रिय व्यापार वृद्धिका लागि 'भूमार्ग स्थापना' अवधारणाको प्रयोग गरिने छ।

### ३.४ मुख्य रुपमा अग्रगमनका विषयक्षेत्र

उच्च वृद्धि तथा न्यायपूर्ण वितरण प्रणाली

दोहोरो अंकको आर्थिक वृद्धिको आधार तयार पार्नका लागि निम्नलिखित क्षेत्रहरुतर्फ विशेष जोड दिइने छ।

- **कृषि क्षेत्रको रुपान्तरण**

*कृषिको व्यवसायीकरण*

कृषि क्षेत्रको व्यवसायीकरणमा जोड दिइने छ। ठूलो मात्रामा नगदे बालीको उत्पादन गरिने छ । व्यावसायिक कृषिको उत्पादनशीलता बढाउनका लागि कृषिप्रविधिमा परिवर्तन गरिने छ र जीविकामुखी कृषिकार्यलाई व्यापार व्यवसायमुखी कृषिप्रणालीमा परिवर्तन गरिने छ। सम्भव भएसम्म कृषिसम्बन्धी समग्र क्रियाकलापहरुलाई आधुनिक कृषि संयन्त्रद्वारा सुसज्जित तुल्याइने छ।

**खाद्य *तथा* पोषण सुरक्षा**

सबै नेपालीहरुका लागि खाद्य तथा पोषण सुरक्षाको सुनिश्चित गर्न सक्ने गरी कृषि क्षेत्रको विकास गरिने छ । धेरै मूल्य, बढी उत्पादन र उच्च पौष्टिक तत्त्व दिने खालका खाद्यान्नको उत्पादन बढाइने छ ।

- **पूर्वाधार विकास**

  भौतिक पूर्वाधारको विकास यस रणनीति पत्रको एउटा मुख्य रणनीति भएकाले निम्नलिखित भौतिक पूर्वाधारहरुको विकासमा प्राथमिकता दिइने छ :

  - भौतिक : जलविद्युत्, सिँचाइ, सडक, हवाइ मैदान
  - संस्थागत : सहकारी, ग्रामीण वित्त सेवा र ग्रामीण उद्यम
  - सूचना तथा सञ्चार प्रविधि
  - व्यापार र लगानी : नीति तथा संस्थागत सुधार
  - पर्यटन
  - औद्योगिक सुरक्षा : आन्तरिक तथा बाह्य लगानी

- **सुशासनमा सुधार**

***जनसशक्तिकरण***

जन समुदायलाई केन्द्रबिन्दुमा राखेर सुशासनमा सुधार गरिने छ । हालसम्म विकासको मूल प्रवाहमा आइनसकेका समुदायको सशक्तीकरणमा विशेष जोड दिइने छ ।

***न्यायिक सुधार***

कानुनी राज्यको अवधारणालाई सुनिश्चितता र जनताका मौलिक अधिकारहरुको प्रत्याभूतिका लागि न्यायिक क्षेत्रमा सुधार गरिने छ । विद्यमान ऐन, कानुन र नियम-विनियमहरुको सर्वेक्षण गरिने छ र राज्यका सबै तहका अङ्गहरुमा विद्यमान गलत प्रचलन र परिपाटीहरुलाई उच्च प्राथमिकता दिई अन्त गरिने छ ।

***सेवा प्रदाय व्यवस्था र संस्थाहरुको स्थापना***

सरकारी, गैरसरकारी र निजी क्षेत्रका संघसंस्थाहरुको स्थापना गरिने छ र हालका संस्थाहरुलाई अझ उत्तरदायी र जनमुखी बनाइने छ । सेवा प्रदाय व्यवस्थामा सुधार गरिने छ र सरकारले वास्तविक रुपमा लाभान्वित हुनुपर्ने वर्गलाई पहिचान गरी सेवा प्रदान गर्नेछ । सबै नागरिकहरुलाई प्रभावकारी सेवाको सुनिश्चितताका लागि आवश्यक संयन्त्रको विकास गरिने छ ।

- **सामाजिक विकास**

  सबै नागरिकहरुलाई आधारभूत सामाजिक सेवा प्रदान गरिने छ । यसमा निम्नलिखित विषय क्षेत्रमा मुख्य जोड दिइने छ ।

*माध्यमिक तहसम्म निः शुल्क तथा अनिवार्य शिक्षा*
*सबै जिल्ला अस्पतालहरुमा निः शुल्क स्वास्थ्य सेवा*
*सफा तथा शुद्ध खानेपानी*
*सरसफाइ*

- **सामाजिक समावेशन र सामाजिक सुरक्षा**

सामाजिक रुपमा समावेशी बन्न सक्ने संयन्त्रहरुको निर्माण गरेर राज्यका सबै अङ्गहरुलाई समावेशी प्रकृतिका बनाइने छ । विकासको मूल प्रवाहबाट पाखा परेका समूहहरुका लागि विशेष कोटा छुट्याइने छ ।

यसैगरी महिला, सीमान्तीकृत समूह, वृद्ध-वृद्धा, अपाङ्ग र यस्तै जनसमुदायका लागि सामाजिक सुरक्षा प्रदान गरिने छ ।

## ३.५ शान्ति स्थापना र विकास रणनीति

मुलुक अहिले द्वन्द्वोत्तर अवस्थामा भएको हुनाले राज्यका प्रयासहरु स्थायी शान्तिको पुनः स्थापनातर्फ अभिमुख हुनुपर्दछ । अतः शान्ति स्थापना कार्यका लागि निम्नलिखित तीन वटा विस्तृत अवधारणा अवलम्बन गरिने छ ।

## ३.६ शान्तिको पुनः स्थापना र स्थायित्व

पहिलो अवधारणा शान्तिको पुनः स्थापना र त्यसको स्थायित्व हो । यस अवधारणामा सुरक्षा क्षेत्रलगायत विभिन्न संस्थाहरुको सुधारका लागि तत्काल पुनरुद्धारतर्फ जोड दिइने छ ।

स्थायी शान्तिका लागि निम्नलिखित क्रियाकलापहरुमाथि उच्च प्राथमिकता दिइने छ ।

- **पुनरुद्धार, पुनःस्थापना, पुनर्निमाण, पुनः एकीकरण**

o शक्ति सम्पन्न उच्च स्तरीय आयोगको गठन गरी सत्य तथ्य पत्ता लगाई छानबिन गर्ने ।
o शक्तिसम्पन्न उच्च स्तरीय आयोगमार्फत बेपत्ता पारिएका नागरिकहरुबारे पत्ता लगाउने ।
o आन्तरिक रुपमा विस्थापित भएका नागरिकहरुको पुनःस्थापन र सामाजिक पुनः सम्मीलन गर्ने ।
o जनमुक्ति सेनाको व्यवस्थापन तथा समायोजन गर्ने ।
o द्वन्द्वग्रस्त क्षेत्रको मापन गर्ने ।
o स्थानीय शान्ति समितिहरुलाई जिल्ला स्तरसम्म पुऱ्याउने ।
o सुरक्षा क्षेत्रको सुधार गर्ने ।

- **द्वन्द्व सचेत विकास रणनीति**

द्वन्द्वप्रति सचेत रणनीतिको विकास शान्तिको पुनः स्थापनाको दोस्रो अवधारणा हो । यसमा भविष्यका पींढिले न्यूनतम आधारभूत आवश्यकताबाट वञ्चित हुनु नपरोस् र भविष्यमा कुनै पनि नेपालीले अधिकार प्राप्तिका लागि बन्दुक उठाउनु नपरोस् भन्ने उद्देश्यले

द्वन्द्वको मूल जरोको पहिचान गरी त्यसबारे सम्बोधन गर्नका लागि निम्नलिखित रणनीतिहरु अङ्गीकार गरिने छ:

- o समावेशी तथा सहभागितामुखी विकास निर्माण
- o रोजगार सृजना गर्ने विकास कार्यक्रममाथि जोड
- o सामाजिक, आर्थिक, क्षेत्रीय तथा अन्य कुनै पनि प्रकारका वैमनस्य र अन्तर्द्वन्द्वको न्यूनीकरणमा जोड
- o सामाजिक आर्थिक क्षेत्रको पुनः संरचना

- **संस्थागत**

शान्ति कायम गर्ने पृष्ठभूमिका रुपमा रहेका संस्थाहरु क्रियाशील हुँदा मात्रै शान्ति प्रक्रिया दिगो हुन सक्छ । सन् २००८ को संविधान सभाको निर्वाचनपछि निर्वाचित संविधान सभाले नयाँ संविधानको मस्यौदा तयार गर्दैछ । आगामी नयाँ संविधान दिगो शान्तिको स्थापनामा निर्णायक चरणका रुपमा सिद्ध हुनेछ । नयाँ संविधानको निर्माणपछि केन्द्रीय तह तथा स्थानीय तहमा निर्वाचन सम्पन्न गरिने छ । निर्वाचित निकायले शान्तिप्रक्रियाको सबलीकरण गर्नेछ ।

**नयाँ संविधान निर्माण**

**संघ, संघीय एकाइहरु तथा स्थानीय निर्वाचन**

# <u>परिशिष्ट</u>

**तालिका १**

**TYIP** को सर्वेक्षण - तथ्याङ्कीय लक्ष्य र प्राप्ति

तीन वर्षे अन्तरीम योजना (२००७/०८ - २००९/१०) : लक्ष्य र प्राप्ती (प्रतिशतमा)

| क्षेत्र | **औसत** | **वास्तविक** | | | कार्यान्वय अन्तराल |
|---|---|---|---|---|---|
| | **Target TYIP** | २००७/०८ | २००८/०९ | **दुई वर्षको औसत** | |
| आर्थिक वृद्धि* | ५।५ | ५।३ | ३।९ | ४।६ | -०।९ |
| कृषि क्षेत्र | ३।६ | ४।७ | २।१ | ३।४ | -०।२ |
| गैह्र कृषि क्षेत्र | ६।५ | ५।७ | ४।९ | ५।३ | -१।२ |
| मूल्य स्फीर्ती | ५।६ | ७।७ | ९।५** | ८।६ | ३।० |
| आर्थिक घाटा (कुल गार्हस्थ उत्पादनको %) | ३।० | ४।० | ०।०४ | २।० | -१।० |
| **BOP** बचत (कुल गार्हस्थ उत्पादनको %) | १।० | ३।६ | १।८** | २।७ | १।७ |
| स्रोत : राष्ट्रिय योजना आयोग, केन्द्रीय तथ्याङ्क विभाग र नेपाल राष्ट्र बैङ्क | | | | | |
| * आधार मूल्यमा<br>** नेपाल राष्ट्र बैङ्कको संशोधित अनुमान | | | | | |

## तालिका २
## कुल गार्हस्थ उत्पादन क्षेत्रगत मूल्य
## (२००८/०९ को स्थिर मूल्यमा) (रु. १० लाखमा)

| | कुल गाहर्स्थ उत्पादन अनुमान | | कुल गाहर्स्थ उत्पादन अनुमान | | **ICOR** | औसत बृद्धिदर |
|---|---|---|---|---|---|---|
| | **2008/09** | | **2011/12** | | | |
| क्षेत्र | उत्पादन | अंश (%) | उत्पादन | अंश (%) | | |
| कृषि, मत्स्यपालन र वन क्षेत्र | २९८८७६ | ३२।८ | ३४७६३१ | ३०।६ | २।९ | ५।२ |
| गैह्र कृषि क्षेत्र | ६११६४६ | ६७।२ | ७८७३२० | ६९।४ | ५।८ | ८।८ |
| उद्योग, खनिज र खानी | ६६२२९ | ७।३ | ८५१३४ | ७।५ | ४।५ | ८।७ |
| विद्युत, ग्यांस र खानेपानी | १५८६५ | १।७ | २१५५७ | १।९ | २५।० | १०।८ |
| निर्माण | ५८४१२ | ६।४ | ७६२६७ | ६।७ | १।८ | ९।३ |
| थोक तथा खुद्रा व्यापार | १२४८८० | १३।७ | १५८७७० | १४।० | ३।० | ८।३ |
| होटल तथा रेष्टुरा | १३८२५ | १।५ | १७६२५ | १।६ | ७।० | ८।४ |
| यातायात भण्डारण र सञ्चार | ९५२१८ | १०।५ | १२३३०४ | १०।९ | ९।० | ९।० |
| वित्तिय मध्यस्थता | ४३५७१ | ४।८ | ५४७८३ | ४।८ | ५।० | ७।९ |
| आवास व्यवस्था, भाडा तथा व्यापार गतिविधि | ७५८७८ | ८।३ | ९८६२२ | ८।७ | ५।६ | ९।१ |
| सामान्य प्रशासन सुरक्षा | १७८०३ | २।० | २१२८३ | १।९ | ४।० | ६।१ |
| शिक्षा | ५४८५४ | ६।० | ७२५३३ | ६।४ | ३।२ | ९।८ |
| स्वास्थ्य तथा सामाजिक सेवा | ११९९९ | १।३ | १५४२४ | १।४ | ९।१ | ८।७ |
| अन्य सामुदायिक सामाजिक तथा वैयक्तिक सेवा गतिविधि | ३३११२ | ३।६ | ४२०१८ | ३।७ | ९।५ | ८।३ |
| जम्मा मूलय | ९१०५२२ | १००।० | ११३४९५२ | १००।० | ५।१ | ७।६ |
| उत्पादक मूल्यमा कुल गाहर्स्थ उत्पादन | ९६००११ | | १२१३४८७ | | | ८।१ |

स्रोत : राष्ट्रिय विकास रणनीति पत्र : HLTF को अनुमान

तालिका ३

## अन्तरीम योजनमा कुल स्थीर पुंजी निर्माणको स्रोत
(आ.व. २००८/०९ को स्थिर मूल्यमा) (रु. १० लाखमा)

| क्षेत्र | रकम | कुल स्थिर पूँजीको % |
|---|---|---|
| **जम्मा लगानी (स्टकमा परिवर्तन समेत)** | **१३२४३८७** | **११५।०** |
| कूल स्थिर पूँजी निर्माण | ११५१६४१ | १००।० |
| सार्वजनिक | ३२३९१६ | २८।१ |
| नीजि | ८२७७२५ | ७१।९ |
| **जम्मा स्रोत** | **१३२४३८७** | **११५।०** |
| क. राष्ट्रिय बचन | १०९१०७७ | ९४।७ |
| ख. वैदेशिक सहयोग | २३३३१० | २०।३ |
| **जम्मा खर्च** | **८३६३७६** | **७२।६** |
| फिर्ता हुने | ४४८१५६ | ३८।९ |
| पूँजी | ३२३९१६ | २८।१ |
| मुल प्रतिदेय | ५८३०५ | ५।१ |
| **जम्मा खर्चको वित्तिय स्रोत** | | |
| राजस्व | ५३२२५४ | ४६।२ |
| वैदेशिक सहयोग | २३३३१० | २०।३ |
| अनुदान | १६५०३५ | १४।३ |
| ऋण | ६८२७५ | ५।९ |
| आन्तरीक ऋण | ७०८१२ | ६।१ |

*स्रोत : राष्ट्रिय रणनीति पत्र - HLTF को अनुमान*

तालिका ४

## अन्तरीम योजनमा अनुमानित लगानी, सार्वजनिक खर्च र यसको स्रोत (कुल गार्हस्थ उत्पादनको प्रतिशतका रुपमा)

| क्षेत्रहरु | आ.व. २००८/०९ | आ.व. २०११/१२ |
|---|---|---|
| जम्मा लगानी (स्टकमा परिवर्तन समेत) | २९.७ | ४४.७ |
| कुल स्थिर पूँजी निर्माण | २१.२ | ३८.९ |
| सार्वजनिक | ४.१ | १०.१ |
| निजी | १७.१ | ३८.९ |
| कुल राष्ट्रिय बचत | ३२.३ | ३९.६ |
| कुल घरेलु बचत | ८.० | १८.२ |
| खुद आय | २.४ | ०.८ |
| चालु दाखिला | २१.९ | २०.६ |
| चालु बचत रकम (घाटा) | ०.७ | (०.४ |
| राजस्व | १४.५ | १६.७ |
| जम्मा खर्च | २२.४ | २५.६ |
| फिर्ता हुने | १२.८ | १३.२ |
| पूँजी | ७.९ | १०.६ |
| मूल प्रतिदेय | १.८ | १.८ |
| वैदेशिक सहयोग | ५.४ | ७.१ |
| अनुदान | ४.० | ५.१ |
| ऋण | १.४ | २.० |
| आन्तरीक ऋण | २.६ | १.७ |

*स्रोत : राष्ट्रिय रणनीति पत्र* - HLTF को अनुमान